# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, असोज ८ गते २०६० साल (अतिरिक्ताङ्क ३३ (क÷१)

## भाग ३

श्री ५ को सरकार

### जलस्रोत मन्त्रालयको सूचना

### विद्युत विकास कोष समिति (गठन) आदेश, २०६०

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस आदेशको नाम "विद्युत विकास कोष समिति (गठन) आदेश, २०६०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित विद्युत विकास कोष समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष समेतलाई जनाउँछ ।

(घ) "सचिव" भन्नाले दफा ७ बमोजिम तोकिएको समितिको सचिव सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. विद्युत विकास कोष समितिको गठन : (१) विद्युत विकासको निमित्त आवश्यक स्रोत जुटाउन, यस क्षेत्रमा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्न, विद्युत विकासका लागि छनौट भएका आयोजनाहरुमा ऋण लगानी गर्न तथा समितिको कोषको परिचालन, व्यवस्थापन तथा संचालन गर्न गराउन विद्युत विकास कोष समिति नामको एउटा समिति गठन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) महानिर्देशक, विद्युत विकास विभाग -अध्यक्ष

(ख) सिभिल, इलेक्ट्रीकल वा मेकानिकल इन्जिनियरिङ, अर्थशास्त्र, व्यवस्थापन वा कानूनमा कम्तीमा स्नातकोत्तर उपाधी हासिल गरेको निजामती सेवाको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा दश वर्ष काम गरिसकेका बहालवाला कर्मचारीहरु मध्येबाट श्री ५ को सरकारले तोकेको दुई जना -सदस्य

(ग) सिभिल, इलेक्ट्रीकल वा मेकानिकल इन्जिनियरिङ, अर्थशास्त्र, व्यवस्थापन वा कानूनमा कम्तीमा स्नातकोत्तर उपाधी हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव प्राप्त निजी क्षेत्रका व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारबाट मनोनीत दुई जना -सदस्य ।

(३) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम तोकिएको वा मनोनीत सदस्यको पदावधि पाँच वर्षको हुनेछ र निजहरुलाई पुनः तोक्न वा मनोनीत गर्न सकिने छ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (ख) बमोजिमका सदस्यलाई श्री ५ को सरकारले आवश्यक देखेमा कारण खुलाई जुनसुकै बखत हेरफेर गर्न सक्नेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम प्रथम पटक सदस्य तोक्दा वा मनोनयन गर्दा एक जना सदस्यलाई तीन वर्षको लागि र अर्को सदस्यलाई पाँच वर्षको लागि तोकिने वा मनोनयन गरिनेछ ।

(६) देहायको अवस्थामा सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) बिना सूचना समितिको बैठकमा लगातार तीन पटक अनुपस्थित रहेमा,

(ख) आफ्नो पदबाट राजिनामा दिएमा,

(ग) मगज बिग्रेमा वा बहुलाएमा,

(घ) मृत्यु भएमा,

(७) कुनै सदस्यले समितिको हित विपरीत हुने गरी काम गरेमा श्री ५ को सरकारले त्यस्तो सदस्यलाई पदमुक्त गर्न सक्नेछ ।

(८) उपदफा (६) को खण्ड (क) र उपदफा (७) बमोजिम कुनै सदस्यलाई पदमुक्त गर्दा निजलाई सफाई दिने मनासिव माफिकको मौका दिनु पर्नेछ ।

(९) उपदफा (६) वा (७) बमोजिम कुनै सदस्यको पद रिक्त हुन आएमा त्यस्तो पदमा बाँकी अवधिको लागि श्री ५ को सरकारले तोक्ने वा मनोनयन गर्नेछ ।

(१०) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(११) कुनै सदस्यले निजको व्यक्तिगत स्वार्थ रहेको कुनै पनि कुराका सम्बन्धमा समितिको बैठकमा छलफल हुँदा त्यस्तो बैठकमा भाग लिन हुँदैन ।

(१२) समितिको आफ्नो छुट्टै कार्यालय नभएसम्म समितिको सचिवालयको काम विद्युत विकास विभागले गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ८८२

४. समितिको काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) समितिले तोकेको शर्त तथा अवस्था पूरा गरेको आयोजनालाई समितिको कोषबाट ऋण प्रवाह गर्ने, गराउने,

(ख) समितिबाट प्रवाह गरिएको ऋण असुल उपर गर्ने, गराउने,

(ग) समिति तथा कोष प्रशासक बीच भएको सम्झौता बमोजिमको काम कारवाही भए नभएको सुपरीवेक्षण, अनुगमन तथा निरीक्षण गर्ने, गराउने,

(घ) विद्युत विकासको निमित्त पूंजी बजारको परिचालन गर्ने,

(ङ) समिति अन्तर्गतका लगानीयोग्य आयोजनामा समितिको कोषको उपयोग गरी लगानी गर्न चाहने वित्तीय संस्थाको प्रमाणीकरण गर्ने, गराउने,

(च) समितिबाट प्रवाह हुने ऋणको प्रभावकारी कार्यान्वयन र सोको असुली सम्बन्धी जिम्मेवारी बहन गर्ने,

(छ) समितिको कोष संचालन र व्यवस्थापन सम्बन्धमा नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी त्यस्तो नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन, सुपरीवेक्षण तथा अनुगमन गर्ने,

(ज) विद्युत विकाससंग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गरी परामर्श तथा सेवा सहयोग उपलब्ध गराउने,

(झ) समितिको वार्षिक तथा आवधिक योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने र सोको कार्यान्वयनको निमित्त आवश्यक व्यवस्था गर्ने,

(ञ) समितिको काम कारबाही सुचारु रुपले संचालन गर्नको लागि आवश्यकता अनुसार सल्लाहकार तथा परामर्शदाता नियुक्ति गर्ने,

(ट) वार्षिक कार्य प्रगति प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने,

(ठ) समितिको उद्देश्य प्राप्त गर्न आवश्यक अन्य कार्यहरु गर्ने, गराउने ।

५. समितिको बैठक सम्बन्धी कार्यविधि: (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठक वर्षको कम्तीमा तीन पटक बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा पन्ध्र दिन अगावै अध्यक्षको निर्देशन अनुसार सचिवले सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. कोष प्रशासकः (१) समितिले कुनै निजी वाणिज्य बैंकलाई कोष प्रशासकको रुपमा नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कोष प्रशासकले समितिले लगानी गर्ने आयोजनाहरुलाई समितिको तर्फबाट तोकेको प्रक्रिया पूरा गरी समितिको कोषबाट ऋण सहायता उपलब्ध गराउन सिफारिश गर्ने, समितिको निर्णय अनुसार ऋण प्रवाह गर्ने र सो असुल उपर गर्ने तथा समिति र कोष प्रशासक बीच विद्युत विकासका लागि खडा भएको कोष व्यवस्थापनका सम्बन्धमा भएको सम्झौता बमोजिमको काम गर्नेछ ।

७. समितिको सचिव : (१) अध्यक्षले विद्युत विकास विभागमा कार्यरत राजपत्राङ्कित द्वितीय श्रेणीको कुनै कर्मचारीलाई समितिको सचिवको रुपमा कार्य गर्न तोक्नेछ ।

(२) सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) अध्यक्षको सामान्य निर्देशनमा रही समितिको प्रशासकीय प्रमुख भई काम गर्ने,

(ख) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) समितिको निर्णय तथा समितिबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिले संचालन गरेका योजना तथा कार्यक्रमको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) समिति तथा कोष प्रशासक बीच सम्पन्न सम्झौता बमोजिम कोष प्रशासकको जिम्मेवारी निरन्तर अनुगमन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने,

(च) समितिको काम सुव्यवस्थित ढंगबाट संचालन गर्ने, समितिको निर्देशन अनुसार अन्य आवश्यक कामहरु गर्ने,

(छ) तोकिएबमोजिमका अन्य काम गर्ने ।

(३) सचिवले पाउने सुविधा श्री ५ को सरकारको स्वीकृती लिई समितिले तोकेबमोजिम हुनेछ ।

८. समितिको कोषः (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायबमोजिमका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी तथा विदेशी व्यक्तिबाट प्राप्त रकम,

(ग) कुनै अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी सरकारबाट प्राप्त रकम,

(घ) समितिले परामर्श तथा सेवा उपलब्ध गराए बापत प्राप्त रकम,

(ङ) समितिले गरेको लगानीबाट प्राप्त साँवा, व्याज तथा अन्य रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम समितिले कुनै रकम लिनु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा समितिले तोकेको नेपाल अधिराज्यको कुनै वाणिज्य बैंक वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको नामबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको संचालन तोकिएबमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. <u>समितिको लेखा र लेखापरीक्षण:</u> (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी वा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

(४) समितिले प्रत्येक वर्ष गरेको काम कारवाहीको विवरण सहित प्रत्येक वर्षको लेखापरीक्षणको प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१०. <u>कर्मचारी सम्बन्धी व्यवस्था:</u> (१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरु नियुक्त हुनेछन् ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको आफ्नै स्रोतबाट खर्च व्यहोरिने गरी कर्मचारी नियुक्ति नभएसम्मका लागि समितिलाई आवश्यक पर्ने कर्मचारी श्री ५ को सरकारले उपलब्ध गराउनेछ ।

११. <u>उप-समिति गठन गर्न सक्ने:</u> (१) समितिले यो आदेश तथा यस आदेश अन्तर्गत बनेको नियमबमोजिम आफूले गर्नु पर्ने काम सम्पन्न गर्न गराउनको लागि आवश्यकता अनुसार उप-समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उप-समितिको काम, कर्तव्य र अधिकार तथा कार्यावधि समितिले तोके बमोजिम हुनेछ ।

१२. <u>बैठक भत्ता:</u> समिति तथा उप-समितिका सदस्यले पाउने बैठक भत्ता तथा अन्य सुविधा श्री ५ को सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

१३. <u>अधिकार प्रत्यायोजन:</u> (१) समितिले यो आदेश तथा यस आदेश अन्तर्गत बनेका नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये केही अधिकार अध्यक्ष, सदस्य, उप-समिति वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) सचिवले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. <u>निर्देशन दिन सक्ने:</u> श्री ५ को सरकारले नीतिगत विषयमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१५. <u>श्री ५ को सरकारसंग सम्पर्क:</u> समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा जलस्रोत मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१६. <u>नियम बनाउने अधिकार:</u> समितिले आफ्नो कार्य संचालन गर्नको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्ता नियमहरु श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

आज्ञाले,
डा. किशोरबाबु अर्याल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।